# नेपाल सरकार
# अर्थ मन्त्रालय
# प्रेस विज्ञप्ति

नेपाल-चीन लगानी सहयोग कार्य समूह (Investment cooperation Working Group) को प्रथम बैठक अर्थ मन्त्रालय काठमाण्डौमा मिति २०७६।८।१३ मा सम्पन भयो । नेपाल सरकारका तर्फबाट टोली नेता अर्थ मन्त्रालय, अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखाका सह सचिव श्री श्रीकृष्ण नेपालको नेतृत्वको १५ सदस्य टोलीले भाग लिएको थियो भने चीन तर्फको २८ सदस्य टोलीको नेतृत्व चिनिया बाणिज्य मन्त्रालय, वाह्यय लगानी तथा आर्थिक सहयोग विभागका उपमहानिर्देशक हान योंग (Han Yong) ले गर्नु भएको थियो । उक्त बैठकको उदघाटन सत्रमा अर्थ सचिव डा. राजन खनालले स्वागत मन्तव्य दिनु भएको थियो ।

चिनिया महामहिम राष्ट्रपति सी जिन पिङको नेपाल भ्रमणको समयमा नेपाल-चीन लगानी सहयोग कार्य समूह (Investment cooperation Working Group) को गठन गर्ने सम्वन्धमा समझदारीपत्रमा हस्ताक्षार भएको थियो ।चीन सरकारको तर्फवाट प्रथम बैठक नेपालमा गर्ने प्रस्ताव भए अनुसार नेपालमा आयोजना भएको उक्त बैठकमा नेपालको तर्फबाट Investment related policies of Nepal, Key areas of investment cooperation, Economic Cooperation, Visit Nepal 2020 र Opening of Chinese Bank Branch in Nepal एजेन्डा प्रस्तुत गरिएको थियो भने चीन सरकारको तर्फबाट Investment facilitation, Incentives to the investors, Issues related to foreign employees, Nepal-China Friendship Industrial Park र Preferential Buyers' Credit एजेन्डा प्रस्तुत गरिएको उक्त बैठकमा उल्लेखित एजेन्डाहरु माथि छलफल गरी जलविद्युत, पूर्वाधार, कृषि, पर्यटन लगायतका महत्वपूर्ण क्षेत्रहरुमा चिनिया लगानी भित्र्याउने सम्वन्धमा लगानीको वातावरण बनाउने, नेपाल भ्रमण बर्ष २०२० मा चिनिया पर्यटक नेपाल भित्र्याउन आवस्यक पहल गर्ने, नेपालमा चिनिया बैंकको शाखा खोल्न पहल गर्ने लगायतका विषयहरुमा सहमति भएको थियो । साथै नेपाल-चीन लगानी सहयोग कार्य समूहको दोश्रो बैठक सन २०२०को उपयुक्त समयमा चीनमा गर्ने समझदारी भएको छ ।

काठमाण्डौ, मिति २०७६।८।१३